लेखापरीक्षण प्रतिवेदन

प्रसौनी गाउँपालिका, बारा

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

प्रसौनी गाउँपालिका, बारा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता *(Independence)*
निष्ठा *(Integrity)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*
व्यावसायिकता *(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/746

श्रीमान् अध्यक्षज्यू,

प्रसौनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

प्रसौनी, बारा ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीको लागि अनुरोध छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/746

श्रीमान् अध्यक्षज्यू ,

प्रसौनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

प्रसौनी, बारा ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तर सरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्ययतर्फ रु. १ अर्ब ६ करोड ५ लाख ६१ हजारको लेखापरीक्षणबाट रु. २ करोड १२ लाख ६१ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभई असुल गर्नुपर्ने रु. ८ लाख ४१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ६९ लाख २९ हजार र नियमित गर्नुपर्ने रु. ३४ लाख ९१ हजार गरी जम्मा रु. २ लाख १२ हजार ६१ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. २१ करोड ६१ लाख ४५ हजार मध्ये रु. ११ लाख ०७ हजार सम्परीक्षण भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु. २३ करोड ६२ लाख ९९ हजार बाकी रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।**

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५३	२०	२,१२,६१,४३३	०	०	०	०	५३	२०	२,१२,६१,४३३	८,४१,०१०	३४,९१,३०६	१,६९,२९,११७	०	०	२,०४,२०,४२३	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
प्रसौनी गाउँपालिका, बारा	२१,६१,४५,२७६	०	११,०७,२२१	२१५०३८०५५	०	२,१२,६१,४३३	२३६२९९४८८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं.	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	३३	सोधभर्ना	४,२०,०००
२	२०८०/८१	४१.५	सामाजिक सुरक्षा	२,००,५१६
३	२०८०/८१	२२	बाटो तथा नाला निर्माणः	९३,८५४
४	२०८०/८१	१९	धर्मशाला निर्माणः	८,२४६
५	२०८०/८१	२३	खेलकुद पुर्वाधार निर्माण	१,८३,०३५
६	२०८०/८१	२०	कम्पाउण्ड वाल सहित गेट निर्माणः	२,०१,५६९
जम्मा				११,०७,२२१

प्रसौनी गाउँपालिका, बारा

(८०२२१५०५३००)

प्रसौनी गाउँपालिका , बारा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु गाउँपालिकाको मुख्य उद्वेश्य छ। स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। यस पालिकामा ७ वडा, २०.२४ वर्ग किलोमिटर क्षेत्रफल तथा २५४७८ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्वेश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।५ देखि २०८२।६।१ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय तथा व्यय गरी जम्मा रु. १ अर्ब ६ करोड ५ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा लेखांकनमा भएको त्रुटीबाट हुन गएको बढी भुक्तानी रु. ३५ लाख ९२ हजार ९०३ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८१।८२ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

सि.नं.	आय तर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**			१	**चालु खर्च**		
	क) नगद	०.००			क) नेपाल सरकार वितिय समानिकरण	२९६१४४९.००	
	ख) ग-२.१चालु खर्च खाता	०.००			ख) प्रदेश राजश्व वाँडफाँड	२२९२८२५.००	
	ग) ग-२.३पुजिगत खर्च खाता	१७९७३०८७.०९			ग) संघिय राजश्व वाँडफाँड	६६३५७७८४.३४	
	ख) ग-२.२चालु खर्च खाता	०.००			घ) स्थानीय राजश्व वाँडफाँड	३७८५९१४.००	
	ग) ग-२.४पुजिगत खर्च खाता	३१०७२७२०.४८			घ) आन्तरिक श्रोत	४३०७७०८७.३०	११८४७५०५९.६४
	घ) ग-४.१संचित कोष खाता	१९४३२४६२.५०					
	) ग-१.१ आन्तरिक राजस्व	३२८२८६६.९६		२	**पुँजिगत खर्च**		
	छ) प्रकोप व्यवस्थापन खाता	७३४७७.००			क) संघिय वितिय समानिकरण	८५६८७८८५.५०	
	ज) विविध कोष खाता	१००९७६०५.००			ख) प्रदेश वितिय समानिकरण	६४००३०५.००	
	ज) विविध खर्च खाता	-१८९१५९.५०			घ) संघीय समपुरक अनुदान	१९५०००००.००	
	ज) धरौटी खाता	२५८२५४०२.७०	१०७५६८४६२.२३		ग) संघिय राजश्व वाँडफाँड	२०००००.००	
					घ) संघीय पुँजीगत	१२४७२५६५.००	
२	**संघियवितिय हस्तान्तरण**				घ) राजस्व वाँडफाँड प्रदेश सरकार	२०००००.००	
	क) वितिय समानिकरण	९२४०२३२०.००			घ) आन्तरिक श्रोत	२४८८५४३१.००	१४९३४६१८६.५०
	ख) ससर्त	१३५७५७४६२.०९					

	अनुदान						
	ग) विशेष अनुदान	२२००००००.००		३	**सशर्तअनुदान खर्च**		
	ग) समपुरक अनुदान	१९५००००० .००	२६९६५९७८२.०९		क) संघिय सशर्त अनुदान चालु	१२३२७४८२३.१०	
					ख) संघिय विशेष अनुदान पुँजीगत	२२००००००.००	
					ग) प्रदेश सशर्त अनुदान	७११७१०६.००	
३	**प्रदेश सरकारको अनुदान**				घ) प्रदेश विशेष अनुदान	०.००	१५२३९१९२९.१०
	क) वितिय समानीकरण	७१८२०००.००		४	**विविध खर्च खाता**		
	ख) ससर्त अनुदान	७११७१०६.००			**विविध कोष**	५००००००.००	५००००००.००
	ग) विशेष अनुदान	०.००			**विविध**	१३४८९५६४.००	१३४८९५६४.००
	घ) सम्पुरक अनुदान	०.००	१४२९९१०६.००	५	**प्रकोप व्यवस्थापन**	२१६१५९.००	२१६१५९.००
				६	**धरौटी फिर्ता**	१९८३५५५४.२३	१९८३५५५४.२३
४	**आन्तरिक आय**			७	**सामाजिक सुरक्षा**	९४३८८८४०.००	९४३८८८४०.००
	क) आन्तरिक आय	२३९२१५४६.८४		८	**स्वास्थक्षेत्र सुधार कार्यक्रम**	५७३६८६.००	५७३६८६.००
	ख) प्रदेशराजश्व बाँडफाँड	२७५३८६७.००		९	**एकिकृत स्वास्थय पूर्वाधार**	११६१६११७.००	११६१६११७.००
	ग) सघियराजश्व बाँडफाँड	६५१६१७७३.१७	९१८३७१८७.०१				०.००
				१०	**मौज्दात**		
					क) नगद	०.००	
५	**धरौटी आय**	१२२६३६९४.५८	१२२६३६९४.५८		ख) ग-२.१चालु खर्च खाता	०.००	
					ग) ग-२.३पुजिगत खर्च खाता	०.००	
					ख) ग-२.२चालु खर्च खाता	०.००	
					ग) ग-२.४पुजिगत खर्च खाता	०.००	
६	**विभिन्न**				घ) ग-४.१संचित	७२९२२४४.१९	

	कोषतर्फको आय				कोष खाता		
	क) सडक बोर्ड नेपाल	०.००	०.००		संचित कोष हिमालयन बैंक		७२९२२४४.१९
	ख) विविध खर्च खाता	०.००	०.००		ङ))आन्तरिक राजश्व खाता	७१८०३६.००	
	ग) प्रकोप व्यवस्थापन खाता	१५००००.००	१५००००.००		आन्तरिक राजश्व हिमालयन बैंक		७१८०३६.००
	ग) अन्य आय	४३९६१६.४५	४३९६१६.४५		च) राजश्व बाँडफाँड खाता	०.००	
७	**सामाजिक सुरक्षा**	९४३८८८४०.००	९४३८८८४०.००		राजश्व बाँडफाँड हिमालयन बैंक		०.००
८	**स्वास्थ क्षेत्र सुधार कार्यक्रम**	५७३६८६.००	५७३६८६.००		छ) आन्तरिक अनुदान खाता	०.००	
९	**एकिकृत स्वास्थय पूर्वाधार**	११६१६११७.००	११६१६११७.००		ज) प्रकोप खाता	१५७३१८.००	
					झ) धरौटी खाता	२२८५४२६३.६२	
					ञ) विविध खर्च खाता	८४३९२९.०८	
					ट) विविध कोष खाता	५५९७६०५.००	
							२९४५३११५.७०
जम्मा		**६०२७९६४९१.३६**	**६०२७९६४९१.३६**	**जम्मा**		**६०२७९६४९१.३६**	**६०२७९६४९१.३६**

३ **वित्तिय विवरणउपरको टिप्पणी**

३.१ पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१०,२२,५३,६१८।- मौज्दात रहेकोमा यो वर्ष रु. १०,७५,६८,४६२.२३ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५३,१४,८४४.२३ बढी जिम्मेवारी सारेको छ । अतः गत वर्ष बैंक खातामा रहेको रकम यकिन गरी जिम्मेवारी सार्नुपर्दछ ।

३.२ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

- पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच रु. ४,३९,६१६।४५– फरक रहेकोमा स्रेस्ता भन्दा बैंक बढी आय पहिचान नभएको रु. ४,३९,६१६।४५/- आयको स्रेस्तामा समवेश नभएकोले हिसाब मिलान गर्नुपर्दछ।
- **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ

भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले राष्ट्रपति शैक्षिक सुधारको रु. ५७३६८६, सामाजिक सुरक्षा कोषको रु. ९४३८६३५२।, दश शैया अस्पतालको रु.११७९००००। र सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०,६७,५० ,०३८।- सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

- **फरक हिसाबः** यस गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा गाउँपालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.३२८२८६६।९६।- र बैङ्क मौज्दात रु. ३३१२८६७।५६ फरक परेको छ। सुत्रमा गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले गाउँपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	१०४२८५५९५.२७	३८८६४९३८६।१३	४५८७५४४५२।४७	३४१८०५२८।३३
एकीकृत आर्थिक विवरणअनुसार	१०७५६८४६२।२३	३८८६४९३८६।१३	४५८७५४४५२।४७	३७४९३३९५।८९
फरक	-३२८२८६६।९६			-३३१२८६७।५६

४ बजेट पेश पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्ष श्री किरण देविले मिति २०८१।३।०७ गते रु.४७,०५,००,०००।- को बजेट गाउँ सभा समक्ष पेश गरेकोमा २०८१।०३।३१ मा पारित भएको छ। यसैगरी अध्यक्षबाट २०८१।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको अवस्था छ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन:

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,
- जनप्रतिनिधि तथा कर्मचारिहरुहलाई नियमित प्रकृतिका अवलोकन निरिक्षण, बैठक तथा अनुगमन कार्यहरुको समेत भत्ता भुक्तानी गरेको पाइयो।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- सम्पत्ति, व्यवसाय तथा बहाल कर लगायत करारीय राजस्व र प्रदेश सरकारले तोकेका करको प्रशासकीय र नियमन क्षमता सुधार गर्नुपर्ने देखिएको,
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाले मूल जिन्सी खाता अध्यावधिक गरेको छ।

- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेको पाईएन।
- फोहोरमैला व्यवस्थापन ऐनको मनसाय अनुरुप निजी क्षेत्रबाट संकलित फोहोरमैला व्यवस्थापन शुल्कलाई आम्दानीको दायरामा ल्याउन नसकेको,
- सार्वजनिक खरिद ऐनमा भएको ब्यवस्थाअनुसार खरिद गुरुयोजना तथा योजना बनाई सार्वजनिक खरिद कार्यलाई प्रतिस्पर्धी ढंगले गर्नुपर्नेमा नगरेको,
- पालिकाले दिगो विकास लक्ष्यलाई आन्तरिकिकरण गरी योजना तथा कार्यक्रम कार्यान्वियन गर्ने नगरेको,
- योजनाहरुको अनुगमन गरी प्रतिवेदन गरेकोमा अनुगमन प्रतिवेदनमा देखिएका व्यहोरा कार्यान्वियन भए नभएको सम्बन्धमा प्रतिवेदन गर्ने नगरेको,
- पालिकाले आफ्नो क्षेत्राधिकार भित्रका कार्यसम्पन्न गर्नको लागि आवश्यक पर्ने क्षेत्रगत नीतिहरु तयार नगरेको,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई यथाशीघ्र कार्यान्वियन गर्नु पर्दछ ।

६ **प्रशासकिय संगठन तथा कर्मचारी दरबन्दी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा लिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता एवं विशिष्टतालाई ध्यानमा राखि कर्मचारी समायोजन पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था उल्लेख छ। कार्यालयले उपलब्ध गराएको दरबन्दी तथा पदपूर्ति विवरणमा कुल दरबन्दी संख्या ७१ मा स्थायी तर्फ २६ र स्वीकृत अस्थायी तर्फ ३९ जना गरि ६५ जनाको पदपुर्ति भई ६ जना रिक्त रहेकोमा उक्त पदहरुमा करारमा कर्मचारि कार्यरत रहेको देखिन्छ । पालिकाले कार्यवोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा कानून बमोजिम पारदर्शी हिसावले कर्मचारी नियुक्ति गरेरमात्र खर्च लेख्नुपर्नेमा दरवन्दी स्वीकृत नगरी ज्यालादारी, करार कर्मचारी भर्ना गरी तलव भुक्तानी दिएको अनियमित देखिन्छ। स्वीकृत दरवन्दि अनुसार स्थायी कर्मचारी माग गर्ने र आवश्यकता बेगर करारमा कर्मचारी भर्ना गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

७ **आन्तरिक लेखापरिक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनबाट औंल्याइएको विषयहरुको आधारमा आवश्यक सुधार गर्नु स्थानीय तहको कर्तव्य हुने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आ.ले.प. प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन स्थानीय तहको प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण समिति गठन गरेको भएतापनि आन्तरिक लेखापरिक्षक समक्ष स्रेस्ता पेश नहुँदा स्थानिय तहको आन्तरिक लेखापरिक्षण भएको देखिएन । ऐनको प्रावधान कार्यान्वियन गर्नुपर्दछ ।

८ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९ **खर्च बर्गिकरण**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले वडा कार्यालयमा कार्यालय सञ्चालन, मर्मत संभार, विविध, मसलन्द, इन्धन लगायतका खर्चको एउटै वडाको कार्यालय संचालन खर्च शिर्षकमा प्रति वडा रु. १ लाख ५० हजारको दरले रु. १० लाख ५० हजार बजेट विनियोजन गरी सबै रकम रु. १०५००००।०० खर्च गरेकोमा खर्च रकम एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार प्रविष्टि भए गरेको पाइएन। नमुना छनौट गरी वडा कार्यालय सञ्चालन खर्चहरुको श्रेस्ता परीक्षण गर्दा खरिद सामग्रीहरुको दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको, व्यवस्थित जिन्सी खाता नभएको, इन्धन खर्चको लगबुक विवरण नभएको तथा चिया खाजा खर्चमा स्पष्ट मापदण्ड रहेको देखिएन । वडा कार्यालयको खर्चमा एकरुपता नहुनुका साथै पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले वडाबाट खरिद गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ। तसर्थ पालिकाले बजेट विनियोजन, खर्च गर्दा एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्याको पालना गर्नुपर्दछ।

१० क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेखछ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ।

क्र.सं.	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	२,३६,७१,०००.००	२,१८,७६,८६९.००	९२.४२
२	पूर्वाधार विकास	१५,९१,१३,५००.००	१४,०७,७२,५३१.५०	८८.४७
३	सामाजिक विकास	१७,६७,५८,०००.००	१५,२६,४२,५९१.२०	८६.३६
४	बातावरण तथा विकास	०	०	०
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१,२७,३७,०००.००	१,०३,८३,९६४.२०	८१.५३
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	८,५४,०२,५००.००	७,५८,३७,२१९.३४	८८.८
		४५४६८२०००	४०१५१३१७४/-	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये रु.७५८३२१९.३४ मा सबैभन्दा बढी खर्चको अंश सामजिक विकासमा र अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी आर्थिक विकासमा रहेको छ भने वातावरण विकास क्षेत्रमा कुनै रकम विनियोजन भएको देखिएन। आर्थिक विकास तथा पुर्वाधारको क्षेत्रमा लगानी वढाई स्थानीय रोजगार तथा आय आर्जनमा ध्यान दिनुपर्दछ।

११ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले त्रैमासिक प्रगति विवरण वनाएको छैन । सुत्रमा पनि अद्यावधिक गरी चौमासिक प्रतिवेदनलाई त्रैमासिक रुपमा प्रतिवेदन हुने व्यवस्थामा सुधार गरेको छैन ।पालिकाले उपलव्ध गराएको खर्चको फाँटवारीलाई आधारमा त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

क्र.सं.	बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च (रु. हजारमा)				असार महिनाको खर्च
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	पूँजिगत खर्चतर्फ	१७९२६३	१४८८९	३४३३६	५२१३१	७७९०७	५९१४०
	जम्मा	४२१०१३	६७३८२	९२४१२	११२९६८	१४८२४९	८९०३१
	प्रतिशत		८.३०	१९.१५	२९.०८	४३.४५	३२.९९

खर्चको फाँटवारी विवरणअनुसार वार्षिक रु. १७९२६३ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. १४८८९ (८.३० प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ३४३३६६ (१९.१५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १११२९६८ (२९.०८ प्रतिशत) र चौथो त्रैमासिक रु. ७७९०७ (४३.४५ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. ८९०३१ (३२.९९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१२ **गत आ.ब को दायित्व**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) तलब, महँगी भत्ता, सरूवा भ्रमण खर्च, पोशाक, घरभाडा, सेवा निवृत्त सुविधा लगायतका शीर्षकमा चालु आर्थिक वर्षको वजेटले नखामेको खर्च व्योहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा कार्यालयले संलग्न विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र प्रमाणित गराई राख्नुपर्ने व्यबस्था रहेको छ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।पालिकाले २०८०।८१ मा भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी आर्थिक वर्ष २०८१।८२ को वार्षिक योजनामा समावेश गरी यस वर्ष रू ७४७३९५४/ भुक्तानी गरेको छ। गत वर्षको भुक्तानी यस वर्षमा भुक्तानी गर्दा चालू वर्षमा नयाँ योजना थप गर्न समस्या सृजना हुने हुँदा अगामी वर्षलाई दायित्व सृजना हुने गरी योजना तर्जुमा गर्नु हुँदैन। यसरी सम्बन्धित आर्थिक वर्षमा बजेट नपुग हुनबाट भुक्तानी दिन नसकिने गरी कार्यक्रम गरिनु उपयुक्त देखिँदैन।

१३ **सार्वजनिक लेखापरीक्षण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट सञ्चालन भएका योजनाको सामान्यतया खर्च सार्वजनिक गर्ने गरेको देखिएकोमा आंशिक योजनाहरुमा रित पूर्वकको खर्चको विस्तृत विवरण आंशिक मात्र संलग्न गरेकोले योजनामा तोकिएको नर्म्स बमोजिम प्रयोग भएको सामाग्री समेतको यकिन हुने गरी सार्वजनिक लेखापरीक्षण गरेमा थप प्रभावकारी हुने देखिएकाले कार्यालयले उक्त व्यवस्थाको प्रभावकारी पालना गर्नुपर्छ ।

१४ **अबकासकोष संचालन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.५००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले सञ्चालन कार्यविधि तयार गरि ब्यवस्थापन गर्नुपर्दछ ।

१५ **सार्वजनिक परिक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

१६ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो बर्ष थप भएको ६८ गरी कुल ६९ विवाद दर्ता भएकोमा ८ वटा मात्र फछर्यौट भई ६१ बाँकी देखिएकोले न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१७ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस पालिकामा हालसम्म १४ वटा ऐन ७ वटा नियमावली ९ निर्देशिका ४० कार्यविधि लगायत ७० वटा वटा कानुन निर्माण गरी कार्यान्वनमा रहेका विवरण पेश भएको छ ।

१८ **सहकारिको नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ११ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१९ **वितरणमुखि खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । साथै स्थानीय संचालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परिक्षण गर्दा पालिकाले नगद अनुदान, बालिका उत्थान योजना, साईकल वितरण, ग्यास चुलो वितरण, अन्य सहायता र धार्मिक तथा सास्कृतिक कार्यक्रम लगायत अन्य समाग्रीमा रू ५९३२५७१/ भुक्तानी दिएको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

२० **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष विभिन्न व्यक्तिहरुलाई आर्थिक सहायताको रुपमा अन्य सामाजिक सहायताबाट रु.७९८९५० र विविध कार्यक्रम खर्चबाट रु.४९१७२५, स्वास्थ्य उपचार कोष बाट रु.३९०००० समेत रु.१३८१७२५ आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२१ **तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

२२ **आन्तरिक आम्दानी तर्फ**

२२.१ **आयको अनुमान र असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाको निम्न आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	५०००००	४,७१,२३५.७४	९४.२४
घरजग्गा वहाल कर	२५०००००	१८,९१,१२०.४६	७५.६४
व्यवसाय कर	२०००००	१,१३,०००.००	५६.५०
वहाल विरौटी शुल्क	०	०	०

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख संकलन र अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२२.२ **करको दायराः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका र नगरपालिकाले सार्वजनिक ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको तथ्यांक संकलन अभिलेखिकरण र संरक्षण गर्नुपर्ने, स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र पार्किङ्ग व्यवस्थापन, विज्ञापन तथा होर्डिङ्ग वोर्डको व्यवस्थापन आदी कार्य गर्नुपर्ने उल्लेख छ। पालिकाले गाँउपालिका भित्र भएका स्थानीय बजार व्यवस्थापन र पार्किङ्ग स्थल व्यवस्थापन गर्ने कार्य गरी राजस्वको दायरा बढाउने, सार्वजनिक ऐलानी र प्रति जग्गा तथा सार्वजनिक माछा पोखरीहरुको अभिलेखांकन गर्ने र अधिकार क्षेत्र भित्र रहेर उक्त सम्पत्तिको दिगो संरक्षण र संवर्द्वन हुने र आन्तरिक आम्दानी समेत हुने गरी प्रयोगको व्यवस्थापन गर्नुपर्नेमा सो समेत गरेको देखिदैन्। पालिकाले यसमा विशेष ध्यान दिदै करको दायरा बढाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२२.३ **कबाडी माल, जडिवुटी तथा विक्री वितरण तथा उपयोगमा लाग्ने करः** गाँउपालिका क्षेत्र भित्र आर्थिक वर्ष २०८१।८२ को लागि कबाडी माल, जडिबुटी तथा जिवजन्तु विक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलनको लागि ठेक्का आह्वान भएकोमा रु.३ लाख ३३ हजार (कर बाहेकमा सुमन निर्माण सेवाले अधिकतम कबोल गरेकोमा एकमुष्ठ कर दाखिला गरे १० प्रतिशत छुट हुने शर्त बमोजिम रु.२ लाख ६१ हजार ३५० नगद दाखिला गरेको र रु.३८ हजार ३५० बोलपत्र जमानतबाट सदस्याहा गरी राजस्व खातामा दाखिला गर्ने गरी रु.२ लाख ९९ हजार ७०० मा सम्झौता भएको देखिन्छ। सुमन निर्माण सेवाले कबोल गरेको रु.३ लाख ३३ हजारको १३ प्रतिशतले हुने मू.अ.कर रकम रु.४३ हजार २९० बुझाएको नदेखिएकोले मु.अ.कर रकम असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	४३,२९०

२२.४ **वडाको राजस्वः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको नगद सोही दिन वा भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यस्तै उक्त रकम १० दिनसम्म ढिला गरेमा १० प्रतिशत र १० दिन भन्दा

बढी ढिला गरेमा १० प्रतिशत जरिवाना र विभागीय कारवाही गर्ने व्यवस्था रहेको छ। पालिकाको वडाहरुले वडामा आम्दानी भएको राजस्व रकम एक महिना भन्दा बढी समय सम्म दाखिला नगर्ने गरेको देखियो। कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम राजस्व रकम समयमै दाखिला गराउनु पर्दछ।

(विस्तृत विवरण बेरूजु दफा २२.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२३ धरौटी

२३.१ **धरौटी फिर्ताको अभिलेखः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २३ बमोजिम कट्टा भएको धरौटी रकम त्रुटी सच्याउने अवधि समाप्त भई सकेपछि फिर्ता गर्दा कार्यसम्पन्न प्रतिवेदन, कर चुक्ता र कर समायोजन पत्र सहित पेश भएको निवेदनको आधारमा त्रुटी सच्याउने अवधि समाप्त भए पश्चात मात्र धरौटी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। कार्यालयले धरौटी रकम फिर्ता गर्दा कार्यसम्पन्न प्रतिवेदन राख्ने गरेको छैन, यसरी कार्यसम्पन्न प्रतिवेदन संलग्न नगर्दा योजनाको त्रुटी सच्याउने अवधि समाप्त भए नभएको एकीन हुन सकिएन। कार्यालयले प्रत्येक योजनाको कार्य सम्पन्न प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको साथै कर समायोजन राखि त्रुटी सच्याउने अवधि समाप्त भए पश्चात मात्र धरौटी फिर्ता गर्ने व्यवस्था गर्नु पर्दछ।

२३.२ **नाम नामेसी नखुलेको धरौटी रकमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली, २०७७ को नियम ६८ मा धरौटी रकम कसले के बापत र कुन प्रयोजनको लागि राखेको हो सो कुरा स्पष्ट नखुलेमा राजस्व खातामा आम्दानी बाध्नुपर्ने व्यवस्था छ। हाल सम्म गाँउपालिकाको धरौटी खातामा रु.४१ लाख ६७ हजार २९० नाम नामेसि नखुलेको धरौटी रकम रहेको देखिएको छ। पालिकाले यकिन गरि

सम्वन्धितको नाममा आम्दानी बाध्नुपर्दछ र नाम नामेसि खुल्न नसेकेको हकमा कानून बमोजिम सदरस्याहा हुनुपर्दछ।

२४ विज्ञापन खर्च भुक्तानी

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ५(ग)३ मा विज्ञापन एजेन्सी मार्फत सरकारी निकायले विज्ञापन प्रसारण/ प्रकासन गरेको भए संचार माध्यामले जारी गरेको वीलको प्रतिलीपि सहित त्यस्तो एजेन्सिको सेवा शुल्क खुल्ने गरी नियम ५(ख) को दररेटको आधारमा गर्नुपर्ने व्यवस्था छ । नियम ६(क)३ मा संचार माध्याम वा एजेन्सीलाई रकम भुक्तानी गर्दा ऐनको दफा २१ को खण्ड ख बमोजिम ३ बमोजिम ३ प्रतिशत रकम कट्टा गरि विज्ञापन बोर्डको खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ पालिकाले विभिन्न विज्ञापन एजेन्सीलाई भुक्तानी दिदा भुक्तानीको ३ प्रतिशत रकम कट्टी गरी सम्वन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्नेमा सो बमोजिम नभएकोले देहायबमोजिका एजेन्सीहरु मार्फत रकम असुल गरि राजस्व खातामा दाखिला गर्नुपर्ने रु.

भौ.न/मिति	**एजेन्सी**	**विवरण**	**भुक्तानी रकम**	**३% ले हुने रकम**
४७६/८/२०	एस.एस मिडिया	साइकल खरिदसुचना	१०६७८५	3204
५५३/९/१	के एस मल्टि प्रपोज	ठेक्का सुचना	१४६२३६	4387
६०५/९/१८	के एस मल्टि प्रपोज	ठेक्का सुचना	६४४३२	1933
				९५२४

साथै सूचना प्रकाशन भएको रकम भुक्तानी गर्दा बिल रकममा २५ प्रतिशत सम्म छुट हुने व्यवस्था छ। पालिकावाट बिभिन्न किसिमका सूचना तथा विज्ञापन प्रकाशन गर्दा विभिन्न संचारमाध्याम तथा पत्रिका मार्फत सूचना प्रकाशन गर्दा सरकारी निकाय गोरखापत्र तथा कान्तिपुर जस्ता पत्रिकाले प्रकाशन गरेको दररेट र तोकिएको दरमा २५ प्रतिशत छुट दिने गरेको देखिन्छ।यसरी विज्ञापन वा सूचना प्रशारण गर्दा एजेन्सीको सेवाशुल्क खुलाउने र तोकिएको दरमा छुट समेत गरी भुक्तानी दिने लिने गरेको देखिएन।विज्ञापन तथा सूचना प्रकाशन गर्दा नियमको पालना गरी तोकिएका दरमा छुट समेत लिई विज्ञापन गराउनु पर्ने देखिन्छ।

प्रमाण पेश नगरेको	९,५२४

२५ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण तथा अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष भ्रमण तथा अनुगमन वापत रु.१४ लाख ८५ हजार खर्च लेखेको छ। उक्त खर्च लेख्दा सम्बन्धित कर्मचारी भ्रमण तथा अनुगमन जानुपर्ने औचित्यता तथा भ्रमण पश्चात अनुगमन प्रतिवेदन पेश गरेको छ तर भ्रमण उपलव्धिको मुल्याङ्कन गरेको छैन ।

२६ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम संचालन भएको प्रमाण , उपस्थिति लगायतका प्रमाण संलग्न नगरी सभा सञ्चालन तथा विभिन्न समयमा भएको बैठक र अतिथि सत्कारमा चिया नास्ता, तालिम, अर्धवार्षिक समीक्षा सम्वन्धी वैठक, सभा वैठकको खाना तथा खाजा लगायतमा विविध खर्च शीर्षकबाट रू.३१७९११७/- खर्च गरेको देखियो । पालिकाले यस्ता किसिमका खर्च गर्दा औचित्य पुष्टि हुने प्रमाण संलग्न गरेर मितव्ययी हुने गरी खर्च गर्नुपर्दछ ।

२७ **अनुगमन भत्ता**

मधेश प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दाफा ३ मा स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित वा मनोनित भएको मिति देखि अनुसूची-१ बमोजिम सुविधा तथा भत्ता पाउने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका विभिन्न योजनाहरुङ्को अनुगमन बापत मासिक बढीमा ३ वटाकोमात्र अनुगमन भत्ता भुक्तानी गर्नमिल्नेमा मिति खुल्ने कागजात समावेश नगरिएको वडा स्तरिय अनुगमन समितिलाई एकमुष्ठ रुपमा सम्पूर्ण सदस्यहरुलाई रु ५००० को दरले रु.१९००००/- गत आवको भुक्तानी खर्च लेखेको छ । ऐनमा ब्यवस्था भएबाहेकक अनुगमन प्रतिवेदन संलग्न नगरि गत आर्थिक बर्षको भत्ता भुक्तानी हुदा दोहोरो परे नपरेको एकिन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा भुक्तानी भएको रकम सम्वन्धित सँग असुल गरि स्थानिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,९०,०००

२८ **तलबि प्रतिवेदन**

मधेश प्रदेश सरकारको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८१ को दफा ४४(३) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई रू.१३५२६२६३/६६ खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२९ **ईन्धन खर्च**

प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को दफा १७ अनुसुची ४ र मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ बमोजिम पदाधिकारी, कर्मचारी र कार्यालय प्रयोजनको लागि मापदण्ड बमोजिम इन्धन खर्च गर्नुपर्ने व्यवस्था छ। सवारीको प्रयोग, ईन्धन तथा अन्य उपभोग्य वस्तुको खपत र सोको नियन्त्रण गर्न मलेप फारम ९०५ अनुसार सवारिसाधन मेसिन प्रयोगको लगवुक राख्ने व्यवस्था छ। पालिकाले सवारी साधन संचालनको लकवुक राखेको देखिदैन। कार्यालयले पेश गरेको इन्धन खर्चको विवरण अनुसार इन्धन खरिदबापत रु.३२६८७५०/- भुक्तानी दिएको छ। कार्यालयमा १ थान चार पाँग्रे सवारी साधन, १ थान ट्याक्टर, १ थान एम्वुलेन्स र २४ थान मोटर साइकल संचालनमा रहेको पाईयो। सवारी साधनको संख्या र स्वीकृत मापदण्डलाई आधार बनाई खरिद गरेको इन्धन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा दाखिला गर्ने र मापदण्ड भित्र रहेर इन्धनखर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३० **विभिन्न कार्यक्रममा नगद भुक्तनी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारी खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुनेगरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली,

२०६४ को नियम १९ मा बीस हजार रुपैया भन्दा बढीको खरिद गर्दा मुल्य अभिबृद्धि करमा दर्ता भएको फर्म तथा संस्थाबाट खरिद गर्नुपर्ने तथा नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वियन सम्वन्धी मार्गदर्शन २०७९ को निर्देशन नं ४७ मा सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले यस विभिन्न वडाहरुमा चाड पर्व, पुजा मनाउने लगायत देहायका कार्यक्रमको लागि निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीलाई सोझै नगद भुक्तानी दिने र निजले पेश गरेको विभिन्न पुजा पसल, टेन्ट हाउस तथा विभिन्न व्यक्तिले साझा पेपरमा रकम वुझेको भरपाइ पेश गरेको आधारमा हिसाव फरफारक गर्ने गरेको पाईयो। अधिकांश विल भरपाई रु.२० हजार भन्दा कमका टुक्रा पान विल पेश गर्ने खर्चको यथार्थता पुष्ट्याई नगरी खर्च गर्ने गरेको पाइयो। खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुसार रु.२० हजार भन्दा बढीको भुक्तानीमा अनिवार्य मुल्य अभिवृद्धि करमा दर्ता भएको संस्थाबाट खरिद गर्ने, रु.१ लाख भन्दा बढीको खरिदमा खरिद प्रकृया परिपालना गरेर खरिद कार्य गर्ने र सम्बन्धितलाई बैंकिङ्ग प्रणालीबाट मात्र भुक्तानी दिने व्यवस्था कार्यान्वियन गर्ने तथा पालिकाले आयोजना छनौट गर्दा उच्चतम प्रतिफल प्राप्त हुने आयोजनामा बजेट विनियोजन गरी अनुत्पादक तथा वितरणमुखि कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३१ **कृषि तथा पशु सेवा अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकामा कृर्षि तर्फको कार्यक्रमा रु.३३ लाख ४९ हजार ५३० र पशुसेवा तर्फको विभिन्न कार्यक्रमहरुमा रु.९ लाख ८० गरि कुल रु.४३ लाख २९ हजार बजेट खर्च लेखाङ्कन गरेको छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ । साथै पालिकाले समुह र व्यक्ति छनौटको आधार समेत यकिन गर्नुपर्ने देखिन्छ ।

३२ **अनुदानमा दोहोरोपना**

संघ तथा प्रदेश सरकरबाट विनियोजन भएको कार्यक्रममा स्थानीय तहबाट समेत बजेट व्यवस्था गरी एकै कार्यक्रममा दोहोरो अनुदान उपलब्ध गराएको, संघ तथा प्रदेश सरकारका कार्यालयसँग कृषकले सम्झौता गरेकोमा कृषकको अंक स्थानीय तहले बेहोरेको वा स्थानीय तहबाट संचालित कार्यक्रममा कृषकको साझेदारी नभएकोजस्ता अभिलेख नभएको हुन सक्ने हुदाँ अनुदान परिचालन गर्दा दोहोरो नपर्ने गरी वितरण गर्नु पर्दछ।

३३ **शिक्षकको तलब बैंक मार्फत भुक्तानी**

कार्यक्रम कार्यान्विय कार्यविधि, २०८१।८२ को दफा २ मा शिक्षक र कर्मचारीको तलब भत्ताको रकम बैंक मार्फत भुक्तानी हुने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाबाट तलब भत्ता निकासा गर्दा तलब भत्ता बैंक मार्फत भुक्तानी भएको प्रमाण बेगर निकासा गर्ने गरेको देखियो। कार्यालयले अनुदान दिएको तलब भत्ता बमोजिम शिक्षक राखे नराखेको, उक्त शिक्षकले नियमित अध्यापन गराए नगराएको, शिक्षकलाई तलब भत्ता तोकीएको दरमा समयमा बैंक मार्फत भुक्तानी भए नभएको एकीन गरेर मात्र तलब भत्ता निकासा दिने व्यवस्था गर्नुपर्दछ।

३४ **प्रारम्भिक बालविकास सजकर्ता**

प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शन पुस्तिका, २०६७ को बुँदा २ मा एउटा विद्यालयमा पूर्व प्राथमिक कक्षामा भर्ना भएका विद्यार्थी संख्या २५ जनासम्म भएमा १ जना तालिम प्राप्त बालविकास सहजकर्ता व्यवस्थापन हुने व्यवस्था उल्लेख छ। त्यस्तै सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ को दफा ८(४) मा गाभिन जाने विद्यालयमा कार्यरत बालविकास सहजकर्ता गाभिएर जाने विद्यालयमा सरुवा गरिने तर गाभिएर जाने विद्यालयमा बालविकास सहजकर्ता आवश्यक नभएकमा स्वतः हटाईने भन्ने व्यवस्था रहेको छ। पालिकाले कार्यविधि बमोजिम समायोजन गरेको विद्यालयमा पूर्व प्राथमिक कक्षामा निम्नानुसार बालबालिकाको संख्या रहेकोमा आवश्यक नभएको बालविकास सहजकर्ता नहटाई नियमित तलब निकासा दिएको छ। यसरी कार्यविधि विपरित निरन्तर राखेर भुक्तानी दिएको रकम अनियमित देखिएको रु.

क्र.सं.	विधालयको नाम	ECD मा विद्यार्थी संख्या	आवश्यक सहजकर्ता संख्या	भएको सहजकर्ता संख्या	बढी संख्या	निकासा भएको कुल रकम पोसाक समेत
१	श्री बेगा साह मा बि, प्रसौनी	१३	१	३	२	४८८०००
२	श्री उतीम प्रा.बि बन्जरिया	३२	१	२	१	२३१०००
३	श्री ने.रा.मा.वि. बेलहिया	७७	३	४	१	२३१०००
	जम्मा					**९२४०००**

अनियमित भएको	९,२४,०००

३५ **प्रति विद्यार्थी लागतमा आधारित अनुदान**

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.५० मा प्रति विद्यार्थी लागतमा आधारित अनुदान उपलब्ध गराउन सकिने, जसका लागि विद्यालयबाट भरिएको EMIS प्रतिवेदनको आधारमा विद्यालयलाई अनुदान दिने व्यवस्था छ। त्यस्तै विद्यार्थी संख्याको आधारमा हुने निकासाको लागि विद्यालयबाट माग भएको संख्याको आधारमा तथ्यांक सत्यापन गरी यथार्थ संख्याको आधारमा निकासा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। पालिका अन्तर्गतको विद्यालयबाट प्राप्त भएको EMIS को प्रतिवेदन अनुसारको कुल विद्यार्थी संखया र पालिकाले निकासा गरेको विद्यार्थीको संख्यामा निम्नानुसार फरक देखिन्छ। यसरी विद्यार्थी संख्या फरक पर्नुको कारण EMIS को तथ्यांक सत्य तथ्य नहुन सक्ने देखिन्छ। पालिकाले विद्यालयलाई EMIS को तथ्यांक भर्दा नियमित सुपरभिजन गरी सत्य तथ्य बनाई यथार्थ बनाउन ध्यान दिनु पर्ने देखिन्छ।

कक्षा	प्रति विद्यार्थी लागतमा आधारीत अनुदान निकासा भएको विद्यार्थी संख्या	emis अनुसार विद्यार्थी संख्या	घटी बढी संख्या	दर	फरक रकम
ECD	518	592	-74	५००	-37000
1	472	669	-197	१५०	-29550
2	406	538	-132	१५०	-19800
3	414	511	-97	१५०	-14550
4	444	564	-120	१५०	-18000
5	489	602	-113	१५०	-16950
6	635	694	-59	२००	-11800
7	590	707	-117	२००	-23400
8	517	586	-69	२००	-13800
9	338	370	-32	२००	-6400
10	424	601	-177	२००	-35400
11	210	191	19	२५०	4750
12	55	0	55	२५०	13750

३६ **सामाजिक तथा आर्थिक लेखापरीक्षण**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.१० मा सामाजिक लेखापरीक्षण र आर्थिक लेखापरीक्षणको लागि माध्यमिक विद्यालयलाई १५ हजार र आधारभुत विद्यालयलाई १० हजारको दरले अनुदान रकम उपलब्ध गराउने व्यवस्था छ। पालिकाले निम्नानुसार सामाजिक र आर्थिक लेखापरीक्षणको लागि रकम निकासा दिएकोमा हाल सम्म लेखापरीक्षण भई प्रतिवेदन पेश भएको नदेखिएकोले कानूनमा भएको व्यवस्था बमोजिम कार्यालयबाट लेखापरीक्षक नियुक्ति गरी लेखापरीक्षण गराई प्रतिवेदन पेश गर्नुपर्ने रु.१४००००

क्र.सं.	विद्यालयको नाम	लेखापरीक्षण
१	श्री बेंगासाह मा.वि, प्रसौनी	१५०००
२	श्री ने. रा. मा. वि, खुड्डा जब्दी	१५०००
३	श्री सरस्वती ने. रा. मा. वि., बेलहिया	१५०००
४	श्री ने. रा. मा. वि. प्रष्टोका	१५०००
५	श्री जनता ने. रा. मा. वि. बन्जरिया	१५०००
६	श्री रामजानकी नि. मा. वि. नौतन	१००००
७	श्री नव आदर्श प्रा. वि. बन्जरिया	१००००
८	श्री नन्दलाल कन्चन प्रा. वि. बन्जरिया	१००००
९	श्री ज्ञानज्योती आदर्श प्रा. वि. प्रसौनी	१००००
१०	श्री ने. रा. प्रा. वि. खुड्डा जब्दी	१००००
११	श्री ने. रा. मा. वि. बेलहिया	१५०००
	जम्मा	१४००००

प्रमाण पेश नगरेको	१,४०,०००

३७ विद्यालय सुधार योजना (SIP) योजना अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.१० मा विद्यालय सुधार योजना निर्माणको लागि माध्यमिक विद्यालयलाई २० हजार र आधारभुत विद्यालयलाई १५ हजारको दरले अनुदान रकम उपलब्ध गराउने व्यवस्था छ। पालिकाले विद्यालय सुधार योजना निर्माण र अध्यावधिकको लागि अनुदान रकम उपलब्ध गराएकोमा निम्न विद्यालयले सुधार योजना पेश नगरेकोले विद्यालय सुधार योजना (SIP) अध्यावधिक गरी पेश गर्नुपर्ने रु. ६५०००

क्र.सं.	विद्यालयको नाम	SIP
१	श्री सरस्वती ने. रा. मा. वि., बेलहिया	२००००
२	श्री रामजानकी नि. मा. वि. नौतन	१५०००
३	श्री ज्ञानज्योती आदर्श प्रा. वि. प्रसौनी	१५०००
४	श्री ने. रा. प्रा. वि. खुड्डा जब्दी	१५०००
	जम्मा	६५०००

प्रमाण पेश नगरेको	६५,०००

३८ दिवा खाजा

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ को २.७.११.१ मा बालविकास देखि कक्षा ५ सम्मका बालबालिकालाई विद्यालय छोड्ने प्रवृत्ति न्युनिकरण गर्न दिवा खाजाको व्यवस्थापन गर्ने गरी बजेट व्यवस्थापन भएकोमा गाँउपालिका भित्रका विद्यालयमा दिवा खाजा सञ्चालनको लागि जम्मा रु.८० लाख ४३ हजार २६० निकासा गरेको छ। त्यस्तै सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजिकरण पुस्तिका, २०७६ बमोजिम दिवा खाजा संचालन गर्ने विद्यालयले प्रत्येक महिना अनुसूची १४, १५, १६ र १७ बमोजिमको प्रगति प्रतिवेदन सहित सामाग्री खरिद भएको विल र विद्यार्थी हाजिरी प्रमाणित गरी पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले दिवा खाजा संचालनको लागि निम्न विद्यालयको लागि रु.८० लाख ४३ हजार २६० निकास दिएकोमा विद्यालयले दिवा खाजा खुवाउनको लागि खरिद भएको सामाग्रिको विल मात्र पेश गरेको छ। विद्यालयमा कति दिन दिवा खाजा खुवाएको हो र कति विद्यार्थी उपश्थिति भएको हो सोको स्पष्ठ देखिने गरी कार्यविधिमा भएको व्यवस्था बमोजिमको प्रगति र खर्चको तेरिज सहित विल भर्पाई पेश गरेको छैन्। जसको कारण पेश भएको बिल बीजकको आधारमा विद्यालयमा न्यूनतम दिन दिवा खाजा संचालन भएको, मापदण्डले तोके बमोजिम पौष्टिक आहारा पुगेको खाजाको मेनु तयार गरी खाजा खुवाएको सम्बन्धमा यकीन हुन सकिएन। पालिकाले पालिका भित्रका विद्यालयमा दिवा खाजा सञ्चालन गर्दा सबै विद्यालयमा समान दिन संचालन हुने व्यवस्था मिलाउनुका साथै खाजाको मेनु तयार गरी नियमित मेनु बमोजिम खाजा संचालन भएको यकीन गर्ने र मापदण्डले तोकेको बमोजिम पौष्टिक आहारा पुगेको खाना खुवाएको एकीन हुने गरी संचालन गर्नुपर्दछ। त्यस्तै सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजिकरण पुस्तिका, २०७६ बमोजिम दिवा खाजा संचालन गर्ने विद्यालयले प्रत्येक महिना अनुसूची १४, १५, १६ र १७ बमोजिमको नियमित प्रगति प्रतिवेदन पेश गर्नुपर्दछ।

क्र.स.	विधालयको नाम	जम्मा निकासा
१	श्री बेगा साह मा बि, प्रसौनी	1142100
२	श्री ने.रा.मा.बि खुट्टवा जब्दि	1024200
३	श्री ने.रा.मा.वि. बेलहिया	1061100
४	श्री ने.रा.मा.बि. प्रष्टोका	811800
५	श्री जनता मा.बि बन्जरिया	843800
६	श्री रामजानकी नि मा बि नौतन	419760
७	श्री उतीम प्रा.बि बन्जरिया	176400
८	श्री नन्दलाल कचन प्रा.बि बन्जरिया	262800
९	श्री ज्ञान ज्योती प्रा बि प्रसौनी	1063800
१०	श्री ने.रा.प्रा.वि.खुट्टवा जब्दि	480600
११	श्री सरस्वती ने.रा.मा.वि. बेलहिया	553500
१२	ने.रा.प्रा.वि. मदर्शा ईस्लामिया	34200
१३	श्री शोभा रामचन्द्र आवि बलवा	169200
जम्मा		8043260

३९ **शीर्षक फरक पारी खर्च**

एकिकृत खर्च संकेत वर्गिकरण र व्याख्या, २०७७ ले खर्च शीर्षक उल्लेख गरेको र सोहि अनुरुप खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले निम्न रकमको भुक्तानी दिदा शीर्षक फरक पारी भुक्तानी दिएको देखिएकोले फरक शीर्षक बाट भएको भुक्तानी रकम अनियमिति देखिएको रु.१३८५०००

गौ.भौ./मिति	विवरण	खर्च भएको रकम	खर्च गर्नुपर्ने रकम	रकम
२८५- २०८२।२।८	बालविकास कर्मचारीको तलब भत्ता	आधारभुत तहको शिक्षक तलब	बालविकास कर्मचारी तलब भत्ता	१३८५०००
	जम्मा			१३८५०००

अनियमित भएको	१३,८५,०००

४० **निशुल्क पाठ्यपुस्तक अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं. २.४.६.१ मा IEMIS अनुसार प्रविष्ट तथ्याङ्कसँग सत्यापन गराई यकिन संख्याका आधारमा दोस्रो चौमासिकभित्र विद्यालयहरूलाई निकासा दिने र यसरी निकासा दिँदा पहिलोपटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत मात्र निकासा दिने र बाँकी २५ प्रतिशत रकम विधार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिन सकिने व्यवस्था छ। यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छ।

४०.१ **खरिद विल भर्पाइः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं. २.४.६.१ मा निकासा भएको रकमबाट विद्यालयले शैक्षिक शत्रको शुरुवातमानै पुरा सेट खरिद गरी वितरण गर्नुपर्ने र विद्यार्थीले पाए नपाएको पालिकाबाट अनुगमन गरी एकिन गर्नुपर्ने व्यवस्था छ। पालिकाले EMIS मा प्रविष्टि भएको विद्यार्थी संख्याको आधारमा पहिलो पटक ७५ प्रतिशत रकम निकासा दिएकोमा केही विद्यालयले लेखापरीक्षण हुँदा सम्म पुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरेको भर्पाई पेश गरेको छैन्। विद्यालयले हाल सम्म विल भर्पाई पेश नगर्दा समयमै विद्यार्थीले पुस्तक नपाएको हुन सक्ने देखिन्छ। पालिकाबाट नियमित अनुगमन गरी विद्यार्थीले समयमा पुस्तक प्राप्त गर्ने अधिकारको सुनिश्चितता गर्नुपर्दछ। साथै हाल सम्म विल भर्पाइ पेश नगर्ने श्री ने.रा.प्रा ई. मदर्शा वेलहिया मार्फत रु.४४६७ को विल भर्पाइ पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,४६७

४०.२ **ऐच्छिक विषयः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं. २.४.६.१ मा निशुल्क पाठ्यपुस्तक अन्तर्गत अनुदान प्राप्त रकमबाट अनिवार्य रुपमा पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित पाठ्यपुस्तक मात्र खरिद गर्ने उल्लेख छ। पालिका अन्तर्गत निम्न विद्यालयमा कक्षा ५ देखि ८ सम्म ऐच्छिक गणित विषयको पुस्तक खरिद गरि वितरणमा निम्न रकम खर्च गरेको पाइयो।

विधायलयको नाम	रकम
श्री बेंगा साह मा.वि. प्रसौनी	१२८२२६
श्री जनता ने.रा.मा.वि.बन्जरिया	३४७८८
श्री ज्ञान ज्योति प्रा.वि.प्रसौनी	५४६९६
जम्मा	२१७७१०

४१ **छात्रवृत्ति अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ को ७.२.१.१ अनुसार कक्षा १ देखि ८ सम्म अध्ययनरत छात्रा र दलित विद्यार्थीले प्रति विद्यार्थी ४०० को दरले छात्रवृत्ति पाउने व्यावस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

४१.१ **वितरणको भर्पाइः** गैरआवासिय छात्र वृत्ति विद्यालय छात्रवृत्ति व्यावस्थापन निर्देशिका, २०७४ को को बुदा ५.३.४ मा छात्रवृत्ति वितरणको भर्पाइ तथा अन्य अभिलेख विद्यालयले व्यावस्थित राख्ने र वितरण भएको १५ दिन भित्र सम्बन्धित स्रोत केन्द्रमा पठाउनुपर्ने उल्लेख छ। पालिकाले EMIS मा प्रविष्टि भएको विद्यार्थी संख्याको आधारमा विद्यालयलाई छात्रवृत्ति निकासा दिएको निम्न विद्यालयले हालसम्म वितरण गरी भर्पाइ पेश नगरेकोले वितर गरी भर्पाइ पेश गर्नुपर्ने रु.१२३२००

क्र.सं.	विद्यालयको नाम	रकम
१.	श्री ने.रा.मा.बि खुटुवा जब्दि	१२०४००
२.	श्री ने.रा.प्रा.वि.ई.मदर्शा बेल्हिया	२८००
	जम्मा	**१२३२००**

प्रमाण पेश नगरेको	१,२३,२००

४१.२ **बाँकी रकमः** गैरआवासिय छात्र वृत्ति विद्यालय छात्रवृत्ति व्यावस्थापन निर्देशिका, २०७४ को को बुदा ५.३.४ मा छात्रवृत्ति वितरणको भर्पाइ तथा अन्य अभिलेख विद्यालयले व्यावस्थित राख्ने र वितरण भएको १५ दिन भित्र सम्बन्धित स्रोत केन्द्रमा पठाउनुपर्ने उल्लेख छ। पालिकाले श्री रामजानकी आ वि नौतनलाई छात्रवृत्ती वितरणको लागि रु.२४ हजार ८०० निकासा दिएकोमा रु.२१ हजार २०० वितरण गरी भर्पाइ पेश गरेको देखिएकोले बाँकी रकम रु.३ हजार ६०० फिर्ता प्राप्त गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३,६००

४२ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ। पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष नेपाल सरकारबाट रु.९ करोड ४९ लाख ९३ हजार ३५८ निकासा गरेकोमा पालिकाले सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा बैंक मार्फत वितरण गर्ने गरेको पाइयो। यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन्।

४२.१ **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ। सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन। साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ। पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन। यसमा सुधार हुनु पर्दछ।

४२.२ **एक आर्थिक वर्षमा एक पटक पटक पनि रकम नझिकेका लाभग्राहीः** कार्यविधिको दफा २६ (३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन। कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ।

४२.३ **विवरण पेश तथा समीक्षा र सार्वजनिक सुनुवाईः** कार्यविधिको दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन। साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई भएको देखिएन।

४२.४

रिभर्सफिडः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४(५) बमोजिम फरवार्ड फिडको आधारमा भत्ता वितरण गरी भत्ता वितरण गरेको प्रमाण रिभर्स फिड पालिकालाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ। पालिकाको निम्न बमोजिम वडाको निम्न बैंकहरुमा निम्नानुसार रकम निकासा भएकोमा MIS Software बाट प्राप्त भएको भएको फरवार्ड फिडबाट खर्च भएको रकम कटाई निम्न रु.३४ लाख ३१ हजार ९२६ बैंकमा बाँकी रहेको देखिन्छ। पालिकाले बैंकबाट भत्ता वितरण गरेको भरपाई प्राप्त गरी बाँकी रकम यकीन गरी फिर्ता गर्नुपर्ने रु

वडा नं.	बैंक तथा शाखा	निकासा भएको रकम	रिभर्सफिडबाट प्राप्त भएको रकम	बाँकी रकम
१,२ र ४	हिमालय बैंक	४४२७५५४७	४४१७५५९८	९९९४९
३,५ र ६	महालक्ष्मी बिकास बैंक, प्रसौनी	३५९४७१५४	३२६२२२२८	३३२४९२६
७	महालक्ष्मी बिकास बैंक, कलैया	१४२८६१०९	१४२७९०५८	७०५१
	जम्मा			३४३१९२६

प्रमाण पेश नगरेको	३४,३१,९२६

४३ मेशिनरी ओजार उपकरणको खरिद तथा गुणस्तर परीक्षण र वारेन्टी

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन वा अन्य विवरणहरु तयार गर्नुखरिदकोगर्नुपर्ने, दफा ५ को उपदफा १ मालागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । ऐनको दफा ५क. मा दफा ४ बमोजिमको विवरण र दफा ५ बमोजिमको लागत अनुमान तोकिए बमोजिम स्वीकृत गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा खरिद सम्झौता अनुसार अपूर्ति गरिएको मालसामान सम्झौतामा उल्लेखित प्राबिधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले मेशिनरी औजार उपकरण खरिद गर्दा स्पेसिफिकशन र लागुत अनुमान स्वीकृत गरी खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको रअपूर्ति गरिएको मालसामान सम्झौतामा उल्लेखित प्राबिधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्नेमा नगरी भुक्तानी गरेको छ ।पालिकाले यो बर्ष ल्यापटप, डेस्कटप, प्रिन्टर, सोलार प्यानल सेट र सिसि क्यामार खरिदमा रु.२१,२२,९३८।– खर्च गरेको देखिन्छ । स्पेसिफिकेशन र लागत अनामान स्वीकृति बेगर सोझै ३ वटा कोटेशनको आधारमा खरिद गरेकोमा आपूर्ति भएको उपकरणहरुको वारेन्टी अवधि उल्लेख हुनुपर्नेमा नभएको र वारेन्टी अवधिको दायित्व वहनलाई सुरक्षण बापत ५ प्रतिशत धरौटी कट्टा गर्नुपर्नेमा गरेको छैन ।आपूर्ति भएको उपकरणहरु गुणस्तर र प्रतिस्पर्धी मुल्यमा खरिद भएको भन्ने आधार कमजोर भएको हुँदा सोको सुनिश्चतताको लागि गुणस्तर परीक्षण (Post Delivery Inspection Report) कार्य अनिवार्य गर्नुपर्दछ।

४४ सडको मापदण्ड

स्थानीय तहले पूर्वाधार विकासका योजना तयार गर्दा आवधिक योजना तयार गर्नुपर्ने र सो बमोजिम सडक पूर्वाधारको मापदण्ड सम्वन्धि कानुन बनाई सडकको मापदण्ड तथा चौडाई तोकी सोहि बमिजिम कार्यन्वयन गर्नुपर्ने हुन्छ । पालिकाले सडक ढलानको निर्माण कार्य गर्दा योजनाको स्थलगत अवलोकन समेत गर्दा कम चौडाईका सडक ग्रेभल तथा ढलान गरेको, शाखा सडकबाट व्यक्तिको घरसम्म पुग्ने स-साना टुक्रा बाटो ढलान गरेको र धेरै चेनजमा काम गरेको देखियो । उपलब्ध चौडाइमा कार्य गरेको पालिकाले जनाएको छ । यसबाट श्रोतको सही सदुपयोग नहुने र श्रोतविन्यास प्रभावकारी नहुने भएकोले सडकको मापदण्ड तथा न्युनतम चौडाई तोक्नुपर्ने र सोहि बमोजिम निर्माण कार्य गर्नुपर्ने देखिन्छ।

४५ सव वेसको गुणस्तर नियन्त्रण र सव-स्ट्याण्डर्ड

पालिकाले सडक बिभागको स्पेसिफिकेशन र नर्म्स अनुसार लागत अनुमान तयार गरेको उक्त स्पेसिफिकेशन अनुसार सव-वेसको कार्यमा Boulder Mix Gravel अन्तर्गत ढुङ्गाको साईज अधिकतम 60mm सम्म हुनुपर्ने उल्लेख रहेको र पालिकाले BoQ मा समेत ६० एमएम riverbed down gravel हुनपर्ने गरी लागत अनुमान तयार गरेकोमा निर्माण कार्यमा उक्त स्पेसिफिकेशनको पालना भएको देखिएन । केही स्थानको स्थलगत अनुगमन तथा निर्माण उपभोक्ता समितिले पेश गरेको निर्माण स्थलको फोटो समेतमा

स्पेसिफिकेशनमा उल्लेख भएको भन्दा ठुला साईजमको बोल्डरहरु समेत सव-वेसको कार्यमा बिच्छाईएको देखिन्छ । निर्माण कार्यमा प्रयोग भएको निर्माण सामाग्रीको गुणस्तर परीक्षण र नियन्त्रण सम्बन्धमा अधिकांश सव-वेसको गुणस्तर परीक्षण नभएको, सव-वेस हाते भरपाईबाट खरिद गरेको विल पेश गरेको, स्पेसिफिकेशनमा उल्लेखित भन्दा ठुला साईजको ढुङ्गाहरु प्रयोग भएको, स्ट्याण्डर्ड अनुसारको कम्प्याक्सन नभएको लगायतका व्यहोराहरु देखिएकोले पालिकाले विभागीय स्पेशीफिकेशनको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४६ एज विल्ट ड्रइङ्ग

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एजविल्ट नक्शा) सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले कार्यान्वियन चरणमा रहका ठेक्काहरुको बिड डकुमेन्टमा निर्माण कार्यको एजविल्ट नक्शा पेश गर्नुपर्ने व्यवस्था गरेको छैन । कार्यालयले निर्माण कार्यको डिजाइन एण्ड ड्रईङ अनुसारको कार्य सम्पन्नको सुनिश्चितताको लागि निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट (नक्सा)पेश गर्नुपर्ने व्यवस्थाको लागि रकम विथहोल्ड गर्ने व्यवस्था गर्नुपर्दछ।

४७ गुणस्तर व्यवस्थापन

ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आश्वस्तता योजना पेश गरेकोमा सो योजनाको पूर्व पालना गरेको देखिदैन। सिलवन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको आधारमा परीक्षण गर्दा सम्वन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना हो होइन एकिन गर्न सक्ने अवस्था छैन । निर्माण सामाग्री उत्खनन गर्ने स्थल स्वीकृत गरी गुणस्तर परीक्षण गरिएका सामाग्रीमात्र प्रयोग गर्नुपर्नेमा त्यस प्रकारको लिखित स्वीकृती दिएको देखिएन । क्युव टेष्ट, सडकको फिल्ड डेन्सिटि टेष्ट, सव बेश र बेशमा प्रयोग गरिएका सामाग्रीहरुको स्पेसिफिकेशनमा तोकिएको संख्यामा गुणस्तर परीक्षण गराएको गुणस्तर आश्वतता योजना बमोजिम अभिलेख राखेको पाइएन । गुणस्तर व्यवस्थापनमा कार्यालयको कमजोर प्राथमिकताका कारण निर्मित संरचनाहरुको गुणस्तरीयतामा विश्वस्त हुन सकिएन।

४८ उपभोक्ता समितिको कार्य

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत हुने सबै निर्माण कार्यको गुणस्तर परीक्षण नगरेको, सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत नराखेको, आयोजना उपभोक्तालाई हस्तान्तरण भएको नभएको, मर्मत सम्भार कोष खडा नभएको, रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट नभएको, खर्चको सार्वजनिकिकरण, सामाजिक लेखापरीक्षण,सार्वजनिक सुनुवाई नभएको, र गाउँपालिका उपाध्यक्षद्धारा सबै योजनाको अनुगमन नगरेको जस्ता कमिकमजोरी रहेको देखिन्छ । यस सम्बन्धमा गाउँपालिकाले उपभोक्ता समिति मार्फत हुने कामको गुणस्तर, पारदर्शी र दीगोपनामा जोड दिनु पर्दछ।

४९ गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व १३ योजनाको रु. १,८९,९५,०००।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

भुक्तानी दिन बाँकीको कार्यक्रम/योजना/विवरण	रकम
प्रभाकर सिमखडालाइ वडा नं. ४ अन्तरगत मर्मत कार्यको रकम	४५,९९०.००
मुकेश कुमार पटेललाइ बाटो मर्मत कार्य	९५,६३०.००
म.आलम अंसारीलाइ कल्भर्ट मर्मत कार्य	५४,६३९.००
मिराकल कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	८५,७७०.००
सुनिल निर्माण सेवालाइ वडा कार्यालय भवन निर्माण कार्य	१२,९४,६२९.००
आर.अंसारी कन्स्ट्रक्सन विश्रामपुर १ बारा	९,२०,५६५.००
ऋषभ कन्ट्रक्सनलाइ कृषि विद्युतिकरण	२,५०,५८१.००
सरसफाई तथा फोहर व्यवस्थापन उ.स.	१,२०,१५०.००
सशर्त अनुदान फिर्ता	१३,७८,०००.००
अधुरो बेंगा साहको आधुनिक शौचालय निर्माण	९,७८,०००.००

५० **नगद भुक्तानी**

नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन २०८० को निर्देशन नं ५७ मा नगद मार्फत भुक्तानी दिदा हुने जोखिमलाई नियन्त्रण गर्न सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न मेला, पूजा जात्रा लगायतका कार्यक्रम सञ्चालनको लागि वडा सचिव तथा अन्य सहयोगि कर्मचारी साथै जनप्रतिनिधिहरु लाई नगदै सोधभर्ना भुक्तानी दिएको छ। कर्मचारीलाई नगद भुक्तानी दिई कार्यक्रम संचालन गर्ने कार्यमा नियन्त्रण गरी खर्चसंग सम्बन्धितलाई बैंकिङ्ग प्रणालीमार्फत भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

५१ **कार्यआदेश बेगरको खर्च भुक्तानी**

सार्वजनिक खरिद ऐन,२०६३ को प्रस्तावनामा सार्वजनिक खरिद प्रकृयामा प्रतिस्पर्धा, मितव्ययिता कायम गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष पालिका अन्तर्गतका विभिन्न स्थानहरुमा विजुलिबत्ति जडान कार्यको लागि रु.६९६३०६ खर्च भुक्तानी गरेको छ । यस्तो खर्च भुक्तानी गर्दा लागत अनुमान तयारि गरि जडान हुने स्थानसमेत एकिन गरि कुन कुन क्षेत्रमा कुन मापदण्डले सडक बत्ति जडान गर्ने हो सोको स्पस्ट आधार तयार गरि खरिद कार्य गर्नुपर्नेमा पालिकाले कोटसन मार्फत समाग्रि खरिद गरि दाखिला गरेको देखिन्छ तर खरिद भएका समाग्रि कुन कुन स्थानमा कुन कुन परिमाणमा जडान भएको हो भन्ने प्रमाणित गर्ने प्राविधिक प्रतिवेदन भने संलग्न गरेको छैन तसर्थ पालिकाले खर्च लेखाङ्कन गरेको समाग्रिहरु जडान भएको प्राविधिक पुष्ट्याई पेश हुनुपर्ने रु.

अनियमित भएको	६,९६,३०६

५२ **बाह्य संस्थाबाट कार्य**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाका कर्मचारिबाट हुने देहायानुसारका कार्य कोटेशन माग गरी एकै प्रकारका कार्यहरु पनि फरक फरक संस्थासँग सम्झौता गरी खर्च लेखेको छ । यस्तो कार्य गराउदा सार्वजनिक खरिद कानून बमोजिम विभागीय नर्म्स, जिल्ला दररेट, सार्वजनिक खरिद कानून लगायतका आधारभुत विषयलाई आधार लिई लागत अनुमान तयार नगरी फर्मले पेश गरेको दररेटको आधारमा सम्झौता गरेको देखियो ।

पालिकाले कर्मचारीलाई नियमित तलव भत्ता भुक्तानी गर्ने र निजहरुले गर्नसक्ने कार्य बाह्य संस्थाबाट गराउदा मितव्ययी हुन सक्ने देखिएन । विभिन्न गैर सरकारी संस्थाबाट कार्य गराउनुपर्ने कारण पालिकाले उल्लेख गरेको छैन । यस्तो कार्यमा सुधार गरी खर्च मितव्ययी बनाउनुपर्दछ । केहि उदाहरण

भौ.न.मिति	कार्यक्रम सञ्चालक	सञ्चालित कार्यक्रम	भुक्तानी भएको रकम
९२७/११/२३	ग्रामिण विकास अभियान केन्द्र	महिला हिंसा सम्वन्धि चेतनामुलक कार्यक्रम	२४१२५५
१३०१/३/१	उज्यालो नेपाल विकास संस्था	बालबविवाह तथा सम्वन्ध विच्छेद समवन्धि चेतनामुलक कार्यक्रम	२४७०००
१३९३/३/१३	युवा विकास मञ्च	बालविवाह न्युनिकरण सम्बन्धि चेतनामुलक कार्यक्रम	२९१५४०
१३९७/३/१५	राष्ट्रिय समुदाय सशक्तिकरण संगठन	लागु पदार्थ सम्बन्धि चेतनामुलक कार्यक्रम	२४४६४५
१३९१/३/१५	सोसल स्किल्स प्रा.लि	वालविवाह विरुद्ध चेतनामुलक कार्यक्रम	२८९८४५

५३ कार्यादेश बेगरको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले भौ.न.९०८ मिति २०८२/११/२३ मार्फत कुल ४७ वटा विभिन्न स्थानिय पत्रपत्रिकाहरुलाई एकुमष्ठ रुपमा सुचना प्रकासन/शुभकामना सन्देश लगायतको लागि एकमुष्ठ रु.२४१००० र भौ न २५४ मार्फत रु. २४५००० भुक्तानी खर्च लेखेको छ । अग्रिम कार्यादेश बेगर अन्य भौचरहरु मार्फत समेत शुभकामना, सन्देश सुचना प्रकाशन लगायतका छपाई समावेश गरि भुक्तानी खर्च लेखेको नियमित मान्न नसिकएको रु.

अनियमित भएको	४,८६,०००

५४ समानिकरणवाट शिक्षक तलब भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायिन्व नियमावली, २०७७ को नियम ३९ मा सार्वजनिक खर्चको भुक्तानी दिदा खर्च पुष्ट्याई हुने विल भरपाई सहितको लेखा राख्नुपर्ने तथा रित पुगेको एकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयलाई शैक्षिक सुधार अनुदान उल्लेख गरी पालिका चालु खर्च शिर्षकबाट समेत विद्यालयलाई निकासा दिने गरेको पाईयो। विद्यालय संचालन तथा शिक्षक तलव भुक्तानीकोलागि संघिय सशर्त शिर्षकमा बजेट प्राप्त हुने र बजेट अपुग भएमा सशर्त शिर्षकमा बजेट माग गरी सशर्त शिर्षकबाटनै खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष बिद्यालय संचालन अनुदान, विद्यालय शिक्षक तलव लगायतको विवरण उल्लेख गरी निम्नानुसार विद्यालयलाई रु.१०५४८५०० निकासा दिएको छ। विद्यालयले उक्त रकम खर्चको लागि प्रस्तावना पेश गरेको तथा कार्यक्रम गरी सोको कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन। शैक्षिक सुधार कार्यक्रमको लागि, शिक्षक तलव भुक्तानीको लागि आवश्यक पर्ने बजेटको विश्लेषण गरी नपुग बजेट संघिय सशर्त शिर्षकबाट खर्च गर्नेतर्फ ध्यान दिई पालिका चालु कार्यकमबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ तथा विद्यालयलाई अनुदान तथा रकम निकासा दिदा बिद्यालय कार्यक्रम संचालनको परिधिमा रहि खर्च पुष्ट्याई गर्ने आधरा प्रमाणमाग गरी रित पुगेको एकिन गरेर मात्र भुक्तानी दिनुपर्दछ।

५५ बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले भौ न ७८२/१०/२८ मार्फत जिन्नाथबाबा कृर्षिसहकारिलाई माटो पुर्ने कार्यको लागि ४७५००० मा सम्झौता गरि प्राविधिक मुल्याङ्कन र विलभर्पाईको आधारमा रकम भुक्तानी भएको छ । रकम भुक्तानी गर्दा प्राविधिक मुल्याङ्कन भन्दा बढी माटो प्रयोग भएको विजक समावेश गरि भुक्तानी गर्दा करिव ६० ट्रिपर प्रति ट्रिपर ३२०० को दरले आनुपातिक कट्टी पछि हुन आउने कुल रु ७६८०० बढी भुक्तानी भएको छ । यसरी बढी भुक्तानी भएको रकम सम्बन्धित सँग असुल गरि स्थानिय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७६,८००

५६ कार्य सम्पादन जमानत

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतकको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ। त्यस्तै ठेक्का सम्झौताको

एस.सी.सी ५८.१ तथा आई.टि.बी २९.५ अनुसार साबिकको ठेक्का सम्झौता अनुसार कार्यसम्पन्न हुने अवधि तथा कार्य सम्पन्न भएको अवधिमा थप १३ महिनाको त्रुटी सच्याउने अबधि सम्म कार्यसम्पादन जमनत पेश भएको हुनुपर्ने व्यवस्था रहेकोमा लेखापरीक्षण अबधि सम्म पनि सो ठेक्काको म्याद थप नभएको र कार्य सम्पन्न समेत नभएकोले ठेक्काको म्याद थप भए अनुसार पी.बी.जी समेत थप गरिनुपर्ने हुनाले निर्माण निर्माण कार्यको ठेक्काको पी.बी.जी रु.९९,६५,०००।- को म्याद थप गरेको प्रमाण पेश हुनु पर्ने रु

सि.न	ठेक्का नं	निर्माण व्यवसायीको नाम	काम	ठेक्काको म्याद थप/ कार्यसम्पन्न भएको मिति	जमानतको म्याद मिति	जमानतको म्याद हुनुपर्ने मिति	जमानत रकम रु.
१	प्रसौनी वडा नं. ३ सार्वजनिक पोखरी सौन्दर्यकरण कार्य	**Shubharambh/Archana JV**		२०८३।३।१५	२०८३।४।३१	२०८४।४।१५	१४७५०००
२	वडानं.१ मा दश शैयांको अस्पताल निर्माण कार्य	Shyam Sundar Nirman Sewa Pvt. Ltd.		२०८२।३।३२	२०८२।४।३१	२०८३।४।३१	८४९००००
जम्मा							९९६५०००
						प्रमाण पेश नगरेको	९९,६५,०००

५७ भेरिएसन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ अनुसार स्थानीय तहले खरिद नियमावली निर्माण गरेको भए सोही अनुसार अन्यथा सार्वजनिक खरिद नियमावली अनुसार सार्वजनिक खरिद कार्य गर्नुपर्ने व्यबस्था छ। यस गाउँपालिकाले आन्तरिक खरिद नियमावली निर्माण गरेको देखिदैन यसले गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावली, २०६४ को नियम ११८ अनुसार खरिद कार्यमा ५% सम्मको भेरिएसन, स्थानीय तहको प्रमुख तथा १५% सम्म कार्यकारी निकायले र सोभन्दा माथिको सर्वोच्च कार्यकारी निकायले स्वीकृत गर्नुपर्ने देखिन्छ।आ.व. २०८१।८२ मा भेरिएसन भएका दुई वटा ठेक्काहरु बाट थप दायित्व सिर्जना भएको देखिन्छ।

सि.न	**ठेक्का नं**	**निर्माण व्यवसायीको नाम**	**काम**	**लागत अनुमान रकम**	**ठेक्का सम्झौता रकम**	**भेरिएसन प्रतिशत**	**भेरिएसन रकम**	**रिभाईज्ड ठेक्का सम्झौता**
१	०१।२०८०।८१	अर्चना /पि. पि. कन्स्ट्रक्सन	पोखरी सौन्दरीकरण	४८५७६१५५.१०	३४२५३२४७.३९	१९.९३	८३५३५९७.८८	४०७७०२०६.९७
२	०२।२०८०।८१	अर्चना /पि. पि. कन्स्ट्रक्सन	बहुउद्देशीय भवन निर्माण	४८४०५९६०.११	३४३३४३२४.५९	२४.९८	१०६२८२५४.५३	४२५११२५३.९१
जम्मा				९६९८२११५.२१	६८५८७५७१.९८		१८९८१८५२.४१	८३२८१४६०.८८

५८ समयावधि र कार्यतालिका

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्नलाग्ने समयावधी किटान गर्नुपर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरी कार्य तालिका पेश गराएको देखिन्छ । तर पेश भएको कार्यतालिका अनुसार प्रगति भए नभएको नियमित अनुगमन मूल्याङ्कन गरी कार्यतालिका अनुसार काम गर्ने गराउनेतर्फ यथोचित प्रयास भएको छैन् । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गरी लागत अनुमान तयार गर्नु गराउनु र पेश गरे अनुसारको कार्यतालिकामा उल्लेखित समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ ।

५९ **गुणस्तर आश्वसस्ता**

निर्माण व्यवसायीसँग भएको सम्झौताको General Condition to Contract मा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तथा Technical Specification मा निर्माण कार्यको सम्झौता गर्दा निर्माण व्यवसायीबाट Quality Assurance Plan(QAP) पेश गर्न लगाई सो अनुसार आवश्यक मात्रा तथा संख्या Volume and Frequency मा गुणस्तर परीक्षण गरी निर्माण गरिएका संरचनाहरूको गुणस्तर कायम गर्नुपर्ने व्यवस्था छ। योजनाहरूका निर्माण व्यवसायहरूले पेश गरेको सडक पुलको Quality Assurance Plan (QAP) तोकिए बमोजिमको संख्यामा गुणस्तर परीक्षण गरेको एकीकृत अभिलेख नभई भुक्तानीको स्रेस्तामा ल्याब रिपोर्ट संलग्न गरेको छ। अतः सडक निर्माण तथा स्तरोन्नति कार्यमा प्रयोग गरिने डण्डी, क्रंक्रिट, ग्याबियन, सव-वेस तथार क्युब लगायतमा अपेक्षित गुणस्तर कायम गर्नेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

६० **बिल अफ क्वान्टिटी भन्दा भन्दा बढी दरमा भुक्तानी**

सार्वजनिकखरिद ऐन, २०६३ को दफा ५७ मा सार्वजानिक निकायले बिल बिजकको भुक्तानी खरिद सम्झौताको अधीनमा रही तोकिए बमोजिम दिनुपर्ने व्यवस्था छ ।यस वर्ष पालिकाले निम्नानुसारको निर्माण कार्यको भुक्तानी विभिन्न निर्माण व्यवसायीहरुले सम्झौतामा उल्लेखित परिमाणको कार्यको स्वीकृत दरमा मात्र भुक्तानी दिनुपर्नेमा सम्झौतामा उल्लेखित दर भन्दा बढी दरमा भुक्तानी दिएको छ। यसरीबिल अफ क्वान्टिटीमा उल्लेखित दर भन्दा बढी दरमाभुक्तानी हुने आधार देखिदैन। भुक्तानी गर्दा चेकजाँच गर्ने अधिकारीले जिम्मेवारी पूर्वक चेकजाँच गरीबिल अफ क्वान्टिटीकोपरिमाण र दरयकिन गरी भुक्तानी गर्नुपर्नेमा सो नगर्नाले बढी भुक्तानी हुन गएको देखिन्छ।बिल अफ क्वान्टिटी भन्दा बढी दरमाभुक्तानी दिएको रु.436546। असुल गर्नुपर्ने रु

भौचर नम्बर	आइटम नम्बर	कार्य	उपभोक्ता समिति	एकाई	परिमाण	भुक्तानी हुनुपर्ने दर	भुक्तानी दिएको दर	बढी भुक्तानी दर	बढी भुक्तानी रकम(90%)
53-082/3/5	**3**	Providing and placing(1:3:6) M10	**ब्रहमदेव यादवको घरदेखि रामचन्द्र यादबको जग्गा सम्म नाला निर्माण कार्य**	cum	**14.94**	**7506**	**8702**	**1196**	**16081**
	4	Providing and placing(1:3:6) M20		**cum**	**109.26**	**10138**	**11179**	**1041**	**102365**
195-082/1/9		Reinforcement for RCC	**भलुही चौकमा रहेको मन्दिर मठमा सटरयुक्त कर्कटको सेड र बाउन्ड्रीवाल निर्माण**	**kg**	**5113.57**	**137**	**147**	**10**	**46022**
		Brick masonry(1:6)			**12.62**	**10826**	**13964**	**3138**	**35641**
जम्मा									**200109**
								असुल गर्नुपर्ने	४,३४,५४६

६१ **पेश्की बाँकी**

ठेक्का सम्झौताको जि.सी.सी ५७.१ अनुसार ठेक्का सम्झौताको २०% सम्म पेश्की भुक्तानी दिन व्यबस्था गरेकोमा निर्माण व्यबसायीले पेश्की रकम बरावरको निर्माण अबधि समेटिएको क बर्गको बैङ्कको बैंङ्क ग्यारेन्टी पेश गर्नुपर्ने व्यबस्था गरेको छ । ठेक्काको म्याद सकिएको अवस्थामा फछ्यौंट नभएको पेश्कीको ग्यारेन्टी थप गरिनुपर्नेमा यस पालिकाले २०७९।८० मा ठेक्का गरी २०७९।८० सम्म म्याद भएका निम्न बमोजिमका ठेक्काहरुमा पेश्की बाँकी रहेकोमा सोको बैङ्क ग्यारेन्टीको म्याद थप नभएकोले बैङ्क ग्यारेन्टीको म्याद थप गरी बाँकी पेश्की ठेक्काको शर्त बमोजिम ८०% समयावधि भित्र फछ्यौट भैसक्नुपर्नेमा शत प्रतिशत समय सकिदा समेत फस्यौट नभएकोले बाँकी ए.पी.जी समेत जि.सी.सी ४९.१ को आधारमा असुल फस्यौंट गर्नुपर्ने रु.

सि.न	ठेक्का नं	निर्माण व्यवसायीको नाम	काम	मोविलाईजेशन पेश्की बाँकी	ठेक्काको म्याद	जम्मा
१	01-2080/81	अर्चना पिपि कन्स्ट्रक्सन जेभी	पोखरी सौन्दर्यकरण	३००००००।-	२०८२।२।३१	३००००००
जम्मा				३००००००।-		३००००००।-

प्रमाण पेश नगरेको	३०,००,०००

६२ **भेरिएसन भन्दा बढी भुक्तानी**

सार्वजनिकखरिद ऐन, २०६३ को दफा ५७ मा सार्वजानिक निकायले बिल बिजकको भुक्तानी खरिद सम्झौताको अधीनमा रही तोकिए बमोजिम दिनुपर्ने व्यवस्था छ ।यस वर्ष पालिकाले निम्नानुसारको निर्माण कार्यको भुक्तानी विभिन्न निर्माण व्यवसायीहरुले सम्झौतामा उल्लेखित परिमाणको कार्यको मात्र भुक्तानी दिनुपर्नेमा सम्झौतामा उल्लेखित परिमाण भन्दा बढी परिमाणमा भुक्तानी दिएको छ। यसरीबिल अफ क्वान्टिटी भन्दा बढीपरिमाणमाभुक्तानी हुने आधार देखिदैन। भुक्तानी गर्दा चेकजाँच गर्ने अधिकारीले जिम्मेवारी पूर्वक चेकजाँच गरीबिल अफ क्वान्टिटीको परिमाण यकिन गरी भुक्तानी गर्नुपर्नेमा सो नगर्नाले बढी भुक्तानी हुन गएको देखिन्छ। बिल अफ क्वान्टिटी भन्दा बढी परिमाणमा भुक्तानी दिएको रु.२८२७७४। असुल गर्नुपर्ने रु.

भौ.नं.	आइटम नं.	कार्य		एकाई	भेरियसन भन्दा बढी		भुक्तानी भएको		बढी भुक्तानी		बढी भुक्तानी रकम (भ्याट सहित)
			निर्माण व्यवसायीको नाम		परिमाण	दर	परिमाण	दर	परिमाण	दर	
156-081/11/25	2	Brick masonry(1:4)	पारसनाथ कन्स्ट्रक्सन एण्ड सप्लायर्स	cum	2.96	14727	5.76	14727	2.8	14727	46596.23
148-081/11/23	10	12.5 mm thick plaster	अनिकेत कन्स्ट्रक्सन	sqm	427.5	350	431	350	3.5	350	1384.25
150-081/11/25	1	Brick masonry(1:4)	प्रिन्स एण्ड मुस्कान कन्स्ट्रक्सन	cum	1.2	15350	3.5	15350	2.3	15350	39894.65
55-081/8/14	1	Earthwork exacation	……कन्स्ट्रक्सन कन्सटेन्सी	cum	87.16	700	95.76	700	8.6	700	6802.6
119-081/10/25	8	Earth filling	गनपति कन्स्ट्रक्सन	cum	194.7	350	233.3	350	38.6	350	15266.3
333-082/3/25	10	Stainless steel railing		k.g.	12.3	5884	26.1	5884	13.8	5884	91755.1
337-082/3/25	2	pcc(1:1.5:3) for RCC	आत्म ज्ञान प्रचार संघ	cum	15.9	13119	16.26	13119	0.36	13119	5336.809
वडा नं ५ भवन निर्माण	4	Providing and laying uncoursed dry rubble stone soling	सुनिल निर्माण सेवा	cum	24.3	2500	26.58	2500	2.28	2500	6441
	6.1.2	Providing and laying machine mixed concrete(1:2:4)		cum	8.44	9500	13.73	9500	5.29	9500	56788.15
	9.2	Providing and laying of 3mm thick cement		sqm	53.44	100	164.1	100	110.7	100	12509.1
जम्मा											282774.2

असुल गर्नुपर्ने	२,८२,७७४

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : प्रसौनी गाउँपालिका, बारा , प्रसौनी गाउँपालिका , बारा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	सुमित कुमार सिंह	२०७९-१२-१७	२०८१-१२-८
कार्यालय प्रमुख	श्याम किशोर प्रसाद	२०८१-१२-८	हाल सम्म कार्यरत
लेखा प्रमुख	प्रेमबाबु प्रसाद	२०७५-१२-१२	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
८४१,०१०	३,४९१,३०६	१६,९२९,११७	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२१,२६१,४३३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२१,२६१,४३३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१०७५६८४६२.२३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२६९६५९७८२.०९	चालु खर्च	११८४७५०५९.६४
प्रदेश सरकारबाट अनुदान	१४२९९१०६	पूँजीगत खर्च	१४९३४६१८६.५
राजश्व बाँडफाँट	६७९१५६४०.२	वित्तीय/अन्य व्यवस्था	२९७५११८४९.३२
आन्तरिक आय	२३९२१५४६.८४		
अन्य आय	११९४३१९५४		
कुल आय	४९५२२८०२९.१३	कुल खर्च	५६५३३३०९५.४६
बाँकी मौज्दात		३७४६३३९५.९	

अनुसूची - २

बेरूजु दफा २२.४ सँग सम्बन्धित विवरण - अनुसूची - ३

दाखिला मिति	रकम	कैफियत
वडा नं. १		
२०८१।७।१	२२४७८	
२०८२।१।११	२१२०२	
२०८२।३।३२	११३७	
वडा नं. १ को जम्मा	४४८१७	
वडा नं. २ को विभिन्न मितिमा नखुलेको	५९९७३	
वडा नं.३		
२०८१।५।९	२७९३२	
२०८१।६।१५	७४७४	
२०८२।१।१०	२८७०८	
२०८२।३।१३	९५८५	
२०८२।३।२३	७६२२	
वडा नं.३ को जम्मा	८१३२१	
वडा नं. ४		
२०८१।६।१५	४१६८१	
२०८१।९।१८	१६०५०	
२०८१।११।२८	२१५३३	
२०८२।१।२४	६३७४	
२०८२।१।२४	१६०५७	
२०८२।२।१२	८५२५	
२०८२।३।२४	१०९९२	
२०८२।३।२१	२३०२	
वडा नं. ४ को जम्मा	१२३५१४	
२०८१।६।२३	३८५५०	
२०८१।७।६	१४५३२	

२०८२।१।९	६५५५७	
२०८२।३।२४	५०४९६	
२०८२।३।३२	२३१५	
वडा नं. ५ को जम्मा	१७१४५०	
वडा नं. ६		
२०८१।६।९	१११८६	
२०८२।१।११	२५७७६	
२०८२।३।२३	२५६१५	
२०८२।३।३२	२४५५	
वडा नं. ६ को जम्मा	६५०३२	
वडा नं. ७		
२०८१।७।२	५०४५१	
२०८१।११।२६	५३३०६	
२०८२।१।९	९२९८९	
२०८२।१।१७	७६८१	
२०८२।१।३१	१३५८५	
२०८२।३।१०	३६४५९	
२०८२।३।२३	७८०७	
२०८२।३।३१	८३२२	
वडा नं. ७ को जम्मा	२७०६००	
पालिका अन्तर्गत संकलन भएको कर रकम	बाबुलाल केशरी	
२०८१।६।६	१०५००	
२०८१।६।२३	४६१५०	
२०८१।७।२	५०४५१	
२०८१।८।२	४७०५०	
२०८१।९।१२	४१६५०	
२०८१।११।६	२३३३५	

२०८२।२।११	११४५०	
२०८२।३।६	५४३५०	
२०८२।३।३२	२२६५०	
गापा तर्फको जम्मा	३०७५८६	

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्क रूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।